# पुरुष सञ्जाल सदस्यहरुको पहिलो बैठक सम्पन्न

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पहुँच परियोजनाको पहलमा गठीत पुरुष सञ्जाल सदस्यहरुको बैठक आज मिति २०८२/३/१८ गते नगर प्रमुख चिन्तन तामाङज्यूको अध्यक्षतामा सम्पन्न भयो । ३५ सदस्यीय सञ्जालको यो पहिलो बैठकमा यस अघि सम्पन्न भएको २ वटा क्षमता विकास तालिमको समिक्षा, सदस्यहरुको नियुक्ती पत्र प्रदान, परीचय पत्र तयारी र सञ्जाल संयोजक छनौट लगायतका विषयमा छलफल र निर्णयहरु भएकाछन् । बैठकले सञ्जाल सदस्य धन बहादुर खड्का, धनपा ४ लाई संजाल संयोजक सर्वसहमतबाट चयन गरेको छ ।



नगर प्रमुख तामाङ्ले सञ्जाल सदस्यहरुलाई संवोधन गर्दै पितृ सतात्मक सोंच र व्यवहार हिंसाको जननी हो हामीले यहिंबाट परिवर्तन खोज्न पर्छ । यस्तो कार्य आफैबाट शुरु गर्नपर्ने बताउनु भएको छ । आगामी दिनमा सञ्जालबाट संचालन गर्न आवस्यक कार्यहरुको कार्यान्वयनका लागि कार्ययोजना बनाउन निर्देश समेत गर्नुभएको छ । पुरुष सञ्जाल नगरपालिकाको नयाँ अभिन्न अंग बनेर रहने र सन्तुलित सामाजिक विकासमा ठुलो भूमिका खेल्ने आशा राख्दै नयाँ संयोजकलाई कार्यकालको शुभकामना साथ बैठक समापन भएको जानकारी दिनु भयो ।

**बैठकले गरेका निर्णयहरु**

१. पुरुष सञ्जाल सदस्यहरुका लागि गत जेठ ७ र ८ गते सम्पन्न गरिएको क्षमता विकास कार्यक्रमको सहभागीहरुबाट समिक्षा गरियो । तालिम पश्चात सदस्यहरुले लैङ्गिक हिंसा सम्वन्धमा सामाजिक सञ्जालहरुमा सिकेका विषयको सेयरिङ गरेको । अवधारणागत पक्षमा स्पष्टता आएको र समग्रमा तालिम फलदायक भएको कुरा सहभागीहरुबाट व्यक्त गरिएको थियो । मिति २०८२/३/४ र ५ गते काठमाण्डौमा आयोजना गरिएको क्षमता विकास तालिममा सञ्जालको तर्फबाट सहभागी हुनु भएका सदस्य नहकुल राईले अनुभव आदान प्रदान गर्नु भएको र आगामी दिनमा सदस्यहरुले यस्ता कुनैपनि कार्यक्रममा सहभागी भएमा यसरी नै अनुभव सेयरिङ गर्ने कार्यलाई निरन्तरता दिनुपर्ने निर्णय गरियो ।

२. पुरुष सञ्जाल सदस्यहरुलाई कार्यविधि बमोजिम कार्यालयको तर्फबाट ३ बर्षे कार्यावधी सहितको नियुक्ती पत्र प्रदान गरियो ।

३. पुरुष सञ्जाल सदस्यहरुका लागि कार्यालयको तर्फबाट परीचय पत्र प्रदान गर्ने निर्णय भयो ।

४. कार्यविधि मुताविक पुरुष सञ्जालको कार्यहरुलाई व्यवस्थित र प्रभावकारी ढंगले संयोजन गर्न सदस्यहरु मध्येबाट सञ्जाल सदस्य श्री धन बहादुर खड्का, धनपा ४ लाई संयोजक पदमा सर्वसहमतिले चयन गर्ने निर्णय गरियो ।

५. सञ्जालको बैठक सम्बन्धी कार्यविधि र आ.ब. २०८२/०८३ को कार्ययोजना सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने गरि नगर प्रमुख एवम् बैठकका अध्यक्ष श्री चिन्तन तामाङ ज्यूबाट बैठक समापन गर्नु भएको थियो ।

